नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

# प्रेस विज्ञप्ती

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शिशिरकुमार ढुङ्गानाज्यूको संयोजकत्वमा Mobile Device Management System (MDMS) को प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरण, भन्सार बिभाग, मोवाइल आयात संघका प्रतिनिधिहरुसहितको बैठक आज मिति २०७८ भाद्र १ गते सम्पन्न भयो । बैठकबाट MDMS अन्तर्गत Import Module यही भाद्र १५गते भित्र सञ्चालनमा ल्याउन सर्भर व्यवस्थापन लगायत सबै कार्य सम्पन्न गर्ने, मोवाइलको IMEI Number दर्ता नभएका सबै मोवाइल प्रयोगकर्ताहरुलाई दुई महिनाभित्र आफ्नो मोवाइलको IMEI Number दर्ता गराउन SMS मार्फत् जानकारी गराउने र सो समयभित्र दर्ता नगराइएमा त्यस्ता मोवाइल सेटमा प्रयोग गरिने सिमकार्ड प्रयोग नहुने प्रणाली सञ्चालनमा ल्याउने एवम् मोवाइल सेटको पैठारी अनुमति लगायतको सेवाका लागि नेपाल दूरसञ्चार प्राधिकरणले भन्सार विभागको Nepal National Single Window प्रणालीमा एक महिनाभित्र आवद्ध गराउने निर्णय भएको छ ।

मितिः २०७८।०५।०१

कृष्णबहादुर राउत
प्रवक्ता
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल